आज मिति २०७७/११/१२ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मान्नधर ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउकार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी तपशिलका निर्णयहरु गरियो ।

तपशिलः

| दस्तखत | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| | श्री खिमनारायण मान्नधर | गाउँपालिका अध्यक्ष |
| | श्री झनमाया पराजुली | गाउँपालिका उपाध्यक्ष |
| | श्री भिमवहादुर भुजेल | वडाध्यक्ष वडा नं. १ |
| | श्री पर्शुराम सिग्देल | वडाध्यक्ष वडा नं. २ |
| | श्री लेखवहादुर क्षेत्री | वडाध्यक्ष वडा नं ३ |
| | श्री चिन्तामणि शर्मा | वडाध्यक्ष वडा नं ४ |
| | श्री डन्डवहादुर राना | वडाध्यक्ष वडा नं ५ |
| | श्री नरवहादुर थापा | वडाध्यक्ष वडा नं ६ |
| | श्री केशमाया थापा | वडाध्यक्ष वडा नं ७ |
| | श्री हिममाया थापा | कार्यपालिका सदस्य |
| | श्री उजेली नेपाली दर्जि | कार्यपालिका सदस्य |
| | श्री रेखा विश्वकर्मा | कार्यपालिका सदस्य |
| | श्री धनमाया राना | कार्यपालिका सदस्य |
| | श्री महेन्द्र गोतामे | कार्यपालिका सदस्य |
| | श्री सुरज वहादुर नेपली | कार्यपालिका सदस्य |
| | श्री पर्शुराम उपाध्याय | सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

(खिम नरायण मान्नधर)
अध्यक्ष

उपाध्याय
प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | महेश्वर अर्याल | प्रमुख प्रशासकीय अधिकृत छैटौ हरिनास गाउपालिका कार्यालय |
| | लालचन गैहे | सहायक पाचौ हरिनास गाउपालिका कार्यालय |
| | सन्दिप लम्साल | सहायक पाचौ हरिनास गाउपालिका कार्यालय |

निर्णय न. १

निर्णय नं १ माथि छलफल गर्दा यस हरिनास गाउँपालिकामा रहेका ७ वटै वाई कार्यालयमा वार्ड कार्यालयबाट चयन भएको स्थानमा भव्य र सव्य तरिकाले नारी दिवस २०७७ मनाउने र सो मनाउन प्रत्येक वार्ड कार्यालयहरुलाइ रु २००००।- बिस हजार रुपैया बिल भरपाइ कार्यालयमा पेश भए पछि भुक्तानि दिने निर्णय गरियो ।

निर्णय नं. २

निर्णय नं. २ मा छलफल गर्दा हरिनास गाउँपालिका भित्रका कृषकहरुको माग बमोजिम पालिका भित्रका प्रत्येक वार्ड कार्यालयहरुलाइ रु १०००००/- मकैको बिउ खरिद गर्नका लागी राजश्व बाडफाड शिर्षकबाट खर्च हुने गरी रकम बिनियोजन गर्ने निर्णय गरियो । साथै वार्ड कार्यालयबाट मकैको बिउ खरिद गर्दा लागेको बिल भरपाइ प्राप्त भए पछि रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ३

निर्णय नं. ३ मा छलफल गर्दा हरिनास गाउपालिका वार्ड नं. ६ बस्ने चुत्र प्रसाद मानन्धर र हरिनास ५ बस्ने तिलमाया आलेले आफनो घरको आर्थिक अवस्था कमजोर रहेकोले बिरामी परी उपचार गर्न असमर्थ रहेको हुँदा आवश्यक आर्थिक सहयोग गरी पाउ भनी दिनु भएको निवेदन बमोजिम निज चुत्र प्रसाद मानन्धर लाइ रु ५००००।- र तिलमाया आलेलाइ रु ४००००।- आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

निर्णय नं. ४ मा छलफल गर्दा आ.ब. २०७७/०७८ को संघिय सरकारबाट हस्तान्तरित पशु सेवा बिभाग तर्फको लागत साझेदारीमा बाख्रा प्रवर्द्धन कार्यक्रम संचालनका लागी सूचना प्रकाशन गरी माग संकलन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

निर्णय नं. ५ मा छलफल गर्दा हरिनास गाउँपालिका वार्ड नं.७ बस्ने शेर वहादुर घर्तिको मिति २०७७/५/२८ गते परेको अविरल बर्षाको कारणबाट घर भत्कन गएकोले आर्थिक सहायता उपलव्ध गराइ दिनु हुन भनि वार्ड नं. ७ को कार्यालयबाट अनुरोध भइ आएकोले निज शेर बहादुर घर्ति स्वयं अपाङग समेत रहेको हुँदा निजलाइ रु ३००००।- तिसहजार रुपैया आर्थिक सहायता उपलव्ध गराउने निर्णय गरियो ।